# प्रगति प्रतिवेदन

आर्थिक वर्ष २०७९/०८०को हालसम्मको प्रगति प्रतिवेदन

**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भकुण्डेबेशी, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**
**२०७९**

CamScanner

प्रस्तुतकर्ता : नमोबुद्ध नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवं नगर सभाका सदस्य सचिव श्री शिव प्रसाद लम्साल।

विषय : नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को हालसम्म भएको प्रगति प्रतिवेदन।

**श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय नगर सभा सदस्यज्यूहरु,**

नमोबुद्ध नगरपालिकाको गरिमामय दोश्रो नगर सभाको दोश्रो अधिवेशनमा आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएका नीति, कार्यक्रम तथा बजेट (वार्षिक नगर विकास योजना) को हाल सम्म भएको प्रगति प्रतिवेदन प्रस्तुत गर्न पाउँदा म आफैलाई गौरवान्वित महसुस गरेको छु। यो अवसर प्रदान गरिदिनु भएकोमा यस नगर सभाका श्रद्धेय सभाध्यक्ष तथा आदरणीय नगर सभा सदस्यज्यूहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै हाल सम्म भएका प्रगति विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

नगरपालिकाले सामाजिक विकासलाई मुख्य प्राथमिकता निर्धारण गरी सुशासनयुक्त नगरको परिकल्पना सहित कृषि, व्यापार, शिक्षा, स्वास्थ्य, खेलकूद, पर्यटन, जेष्ठनागरिक, युवा तथा महिला सशक्तीकरण,उद्यमशीलताका साथै भौतिक पूर्वाधार विकासको कार्यहरु अघि बढाएको छ। हरेक योजना र कार्यक्रमलाई उत्पादन र उत्पादकत्व वृद्धि, रोरोजगारी प्रवर्द्धन र आय वृद्धिसँग जोड्दै वितरणमुखी भन्दा उत्पादनमुखीमा आधारित कार्यक्रम संचालन गर्ने गरी र आहतमा परेका नगरवासीलाई राहत हुने गरी राहत, रोजगारी, स्वास्थ्य, शिक्षा, कृषि, पूर्वाधार विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा विशेष जोड दिदै आर्थिक वर्ष २०७९/०८० को वार्षिक विकास योजना तयार गरी कार्यान्वयन गरिरहेको छ।

नमोबुद्ध नगरपालिका आफै आत्मनिर्भर बन्नु पर्दछ भन्ने मान्यतालाई आत्मसात गर्दै कर तथा सेवा शुल्कका दरहरूलाई बढाउनुको सट्टा करको दायरा फराकिलो पारी विभिन्न निकायबाट उपलव्ध साधन श्रोतको उच्चतम उपयोग गर्दै उपलब्धिमूलक क्षेत्रमा खर्च गरी नगरवासीहरुलाई सहज र सरल ढंगबाट गुणस्तरीय सेवा उपलब्ध गराउदै आम नगरवासीहरुको जीवन स्तरमा सुधार ल्याउँदै समृद्धितर्फ उन्मुख गराउने गरी विकासका आधारशिलाहरु खडा गर्न सकियोस भन्ने अभिप्रायका साथ स्वीकृत गरिएको आर्थिक वर्ष २०७९/०८० को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन भई रहेको व्यहोरा यस गरिमामय नगर सभामा जानकारी गराउनु चाहन्छु।

**श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय नगर सभा सदस्यज्यूहरु,**

आर्थिक वर्ष २०७९/०८० को मध्ये अवधि तिर आईपुग्दा नमोबुद्ध नगरपालिकाबाट गरिएका केही उल्लेखनीय प्रयास तथा सुरुवात गरेका कार्यहरुको विवरण यस गरिमामय नगर सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**क. भौतिक प्रगति तर्फः**

१. स्थिर पूँजी पाँच लाख सम्म भएका लघु उद्यमहरुलाई नगरपालिकामा व्यवसाय दर्ता गर्दा कानुन बमोजिम लाग्ने दस्तुर वा शुल्कमा पूर्ण रुपमा छुट गर्ने साथै महिला उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग वा फर्म दर्ता गराएमा त्यस्तो उद्योग वा फर्म नगरपालिकामा दर्ता गर्दा कानुन बमोजिम लाग्ने दस्तुर वा शुल्कमा पूर्ण छुट दिने कार्यको सुरुवात गरिएको।

२. जेष्ठ नागरिक, पूर्ण अशक्त र अति विपन्न वर्गलाई लक्षित गरी स्वास्थ्य उपचारका लागि निशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराउँदै सो वर्गलाई लक्षित पटक-पटक दक्ष र विज्ञ स्वास्थ्यकर्मीबाट घुम्ती स्वास्थ्य परीक्षण शिविर संचालन गरिएको।



CamScanner

पूर्ण अशक्त वर्ग, बैंकिङ सेवासम्म पुग्न नसक्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई सो भत्ता वितरण गर्ने वित्तीय संस्थाहरुसँग समन्वय र सहकार्य गरी सामाजिक सुरक्षा भत्ता वितरणको लागि स्थानीयस्तर/वडास्तरमा नै घुम्ती बैंकिङ सेवा उपलब्ध गराउने कार्यको सुरुवात गरिएको।

४. दाप्चा नगर अस्पताल र श्यामपाटी स्वास्थ्य चौकी मार्फत संचालन हुने गरी २४ सै घण्टा एम्बुलेन्स सेवा सुचारु गरिएको।

५. नमोबुद्ध नगरपालिका र रेयुकाई एईको मासुनागा आँखा अस्पताल, बनेपा बीच यस नगरपालिका भित्रका नागरिकहरुको मोतियाबिन्दु रोगको निशुल्क उपचार गर्ने गराउने गरी सम्झौता गरिएको।

६. वजारलाई लक्षित गरी नियमित सरसफाई, राजमार्ग तथा अन्य सडक क्षेत्रको समेत सरसफाईको कार्य प्रारम्भ गरिएको।

७. वर्षातको कारणले यातायात सेवा अवरुद्ध भएका नगरस्तरीय विभिन्न बाटो/सडकहरु नगरपालिकासँग रहेको मेशिनरी औजार मार्फत पहिरो तथा अवरोध हटाई एवं मर्मत गरी यातायत सहज/सुचारु गरिएको।

८. काभ्रेभन्ज्याङ-नमोबुद्ध-दाप्चा सडक अन्तर्गत वडा नम्बर ११ मा पर्ने कपुरढुङ्गा क्षेत्रमा सडक अवरुद्ध हुने गरी गएको पहिरो नियन्त्रणको कार्य गरिएको।

९. दाप्चा वजार पुनर्उथान कार्यक्रम अन्तर्गत दाप्चा वजार क्षेत्रमा ढुङ्गा विछ्याउने कार्यको प्रारम्भ गरिएको।

१०. नेपाल जलवायु अनुकुलन गाउँ कार्यक्रम अन्तर्गत वजार क्षेत्रलाई लक्षित गरी उर्जा किफायती अन्न भण्डारण तथा प्रशोधन प्रविधिको उपयोग, व्यावसायिक तरकारी तथा फलफूल खेतीको लागि बजार प्रवर्द्धन कार्यक्रमको लागि बजेट विनियोजन गरी विस्तृत परियोजना प्रतिवेदन तयारी कार्य सम्पन्न गरी नमोवुद्ध नगरपालिका वडा नम्बर ०३ स्थित दाहालचौरमा करिब नौ करोडको लागतमा निर्माण कार्य प्रारम्भ गरिएको।



CamScanner

११. बि.पि. राजमार्गलाई लक्षित गरी भकुण्डे बजार क्षेत्रलाई थप व्यवस्थित गर्न र मुआब्जा वितरण भईसकेको सडक भित्रको क्षेत्राधिकारलाई नापनक्शांकन गर्न र भकुण्डे बजार क्षेत्रलाई थप व्यवस्थित गर्न सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजना र नापी कार्यालय, काभ्रेपलाञ्चोक मार्फत कार्य सुचारु गरिएको।

१२. भकुण्डे-पोखरी-नारायणस्थान-मेच्छे सडक र काभ्रेभन्ज्याङ-नमोबुद्ध-दाप्चा-तल्लो हटिया सडकको नियमित सरसफाई तथा मर्मत सम्भार कार्य गर्नका लागि पूर्वाधार विकास कार्यालय, काभ्रेपलाञ्चोकको समन्वय, सहकार्य तथा सहयोगमा क्रमश ५ जना र ४ जना गरी जम्मा ९ जना मर्मत सम्भारकर्ता (लेन्थवर्कर) राखी नियमित कार्य गरिएको।

१३. विद्यालय र नगरपालिकाको शैक्षिक गतिविधि तथा कार्यक्रमहरु समेटर शैक्षिक पात्रो प्रकाशन गरिएको।

१४. बाल विकास केन्द्रका शिक्षक, सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीलाई नगरपालिकाको अन्तरिक श्रोतबाट थप पारिश्रमिकको व्यवस्था गरिएको।

१५. विद्यालय दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाउन नगरपालिकाको तर्फबाट थप आवश्यक बजेट विनियोजन गरिएको।

१६. नमोबुद्ध नगरपालिका वडा नम्बर ११ मा ग्वाला डाँडा खानेपानी आयोजना (लागत रकम रु. १ करोड ३७ लाख) को शिलान्यास गरिएको।

१७. आर्थिक वर्ष २०७९/०८० को वार्षिक नगर विकास योजनामा उल्लेख भए अनुसार नगरपालिका भित्र रहेका सम्पूर्ण जग्गाहरुलाई थप व्यवस्थित तथा डिजिटलाईज गर्ने कार्यका लागि स्थानीय भू-उपयोग परिषद् गठन गरी भू-उपयोग क्षेत्र तथा जग्गा वर्गीकरणको कार्य वडास्तरीय रुपमा नै प्रारम्भ गरिएको।

१८. वर्षा, बाढी, वन्यजन्तु तथा विपद्का कारण क्षति भएको बाली तथा पशुधनका लागि किसानहरुलाई राहत रकम वितरण गरिएको।



CS CamScanner

१९. नगरपालिका, इसिमोड, सिप्रेड लगायतका संस्थाहरुको सहयोगमा वडा नम्बर ०२, ०३ र ०६ मा व्यवसायिक तथा अर्गानिक कृषि व्यवसाय प्रवर्द्धनको कार्य गरिएको र यसलाई थप विस्तार गर्दै लग्नको लागि आवश्यक बजेटको सुनिश्चितता गरिएको।

२०. वडा कार्यालयबाट प्राप्त विवरणका आधारमा अपाङ्गता सहायक सामग्री (ह्वील चियर) वितरणको कार्य आरम्भ गरिएको।

२१. बालमैत्री नगरपालिका निर्माणका लागि आवश्यक कार्यको प्रारम्भ गरिएको।

२२. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त समपुरक योजनाहरु (श्यामपाटि काउसे आरुबारीचौर पुजारीटापु सडक, वडा नम्बर ०४ स्थित जयटार जनक मा.वि. चुवाने सडक, वडा नम्बर ०५ स्थित कानपुर डाँडागाउँ हुँदै वि.पि. राजमार्ग सडक, वडा नम्बर १० स्थित दाप्चा बसेरी सडक निर्माण) को नियमानुसार बोलपत्र मार्फत कार्य प्रारम्भ गरिएको।

२३. सडक बोर्ड नेपालसँगको लागत साझेदारीमा ६ वटा सडक निर्माण तथा मर्मतका आयोजनाहरु कार्यान्वयन गरिएको।

२४. प्लास्टिक टनेल, प्लास्टिक पोखरी, थोपा सिंचाई सेट, मल्चिङ प्लास्टिक, क्रेट लगायतका कृषि सामाग्री विभिन्न कृषक, कृषि फर्म, कृषि सहकारीलाई वितरण गरिएको।

२५. नगरबासिलाई सुसूचित गराउने उदेश्य अनुरुप नगर कार्यपालिका र नगर सभा बैठकको निर्णय तत्काल श्रव्यदृश्यबाट नगर प्रवक्ता मार्फत तथा नगरपालिकाको आधिकारीक वेभसाइट तथा फेसबुक पेज मार्फत सार्वजनिक गर्ने गरिएको।

२६. विभिन्न वडामा कृषि नगर बनाउने उदेश्य अनुरुप प्लास्टिक टनेल, मल्चिङ प्लास्टिक र ड्रिप सेट निर्माण कार्य गरिएको।

२७. लैंगिक हिंसा विरुद्धको अभियान अन्तर्गत सम्पूर्ण वडामा वडास्तरीय तथा नगरस्तरीय अभिमूखीकरण कार्यक्रम संचालन गरिएको।



CamScanner

२८. पशु सेवा विकास शाखाबाट पशुमा कृतिम गर्भाधान मिसन कार्यक्रम संचालन गरिएको।

२९. नमोबुद्ध मन्दिर परिसरलाई विश्व सम्पदा सूचीमा सुचिकृत गर्नका लागि प्रारम्भिक चरणको कार्यहरु सुरु गरिएको।

३०. नमोबुद्ध नगरपालिकाको नमोबुद्ध परिसरलाई लक्षित गरी CCTV जडान कार्य सम्पन्न गरिएको।

३१. वडा नम्बर ०२ स्थित टटलेटार खानेपानी आयोजनाको कार्य सम्पन्न गरिएको।

**श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय नगर सभा सदस्यज्यूहरु,**

आर्थिक वर्ष २०७९/०८० को मध्ये अवधि तिर रहेकोले नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाले स्वीकृत गरेका वार्षिक नगर विकास योजनामा उल्लेख भएका अधिकांश योजना, कार्यक्रम तथा बजेट कार्यान्वयनको चरणमा रहेको र यस अलावा थिति बसाल्ने, नीति निर्माण, आवश्यक कानुनको तर्जुमा र सुशासनको क्षेत्रबाट कार्यहरुको थालनी गरिएको हुँदा जनताले महशुस गर्ने खालको कार्यहरु आरम्भ मात्र भएको र आगामी दिनमा जनताले महशुस र लाभान्वित हुने कार्यक्रम तथा योजनाहरु संचालन गरिदै लगिने प्रतिवद्धता समेतको व्यहोरा यस गरिमामय नगर सभामा गर्न चाहन्छु।

**श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय नगर सभा सदस्यज्यूहरु,**

आर्थिक वर्ष २०७९/०८० मा भएका र भईरहेका उल्लेखनीय भौतिक प्रगतिको विवरण प्रस्तुत गरे पश्चात अब म नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनले स्वीकृत गरेको नमोबुद्ध नगरपालिकाको विनियोजन ऐन, २०७९मा उल्लेख भएका अनुसूचीहरुमा रहेका वित्तीय विवरण तथा सोसँग सम्बन्धित वित्तीय प्रगति विवरणको सारांश यस नगर सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु।



CamScanner

## ग. वित्तीय प्रगतिः

### १. आम्दानी तर्फः

| | स्रोत | वार्षिक अनुमानित आय | निकासा तथा आम्दानी | कैफियत |
|---|---|---|---|---|
| | संघीय सरकार | ४४,८६,००,००० | २०,६०,५०,००० | |
| | वागमती प्रदेश सरकार | ६,९२,६७,००० | १,७३,१६,७५० | |
| ३ | राजश्व बाँडफाँड | १९,८५,८७,६४५ | २,९९,९८,४१९ | |
| ४ | आन्तरिक श्रोत | ५,२३,४१,३५२ | ७,११,४१,८०७ | |
| | जम्मा | ७६,८७,९५,९९७ | ३२,४५,०६,९७६ | हाल सम्म ४२% रकम निकास तथा आम्दानी भएको र अनुमान गरिएको कुल बजेटमा रकम रु.४४,४२,८९,०२१ प्राप्त हुन बाँकि रहेको |

| | | |
|---|---|---|
| | जम्मा | |

८. क्षेत्रगत बजेट तथा खर्च तर्फः

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | कैफियत |
|---|---|---|---|---|---|
| | आर्थिक विकास | २,२९,५०,००० | १३,५९,१४९ | ६% | |
| २ | सामाजिक विकास | २९,७८,५६,००० | ९,७७,७०,३३० | ३३% | |
| ३ | पूर्वाधार विकास | २३,५२,३३,३०५ | १,८०,६३,९४६ | ८% | |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,६४,५०,००० | ७,५३,६५४ | ५% | |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १९६३०६,६९२ | ४८८१६५६२ | २५% | |
| कुल जम्मा | | ७६,८७,९५,९९७ | १६,६७,६३,६४१ | २२% | |

द्धेय सभाध्यक्ष महोदय तथा आदरणीय नगर सभा सदस्यज्यूहरु,

आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनले स्वीकृत गरेको वार्षिक नगर विकास योजनाको लागि विनियोजन भएको रकम रु. ७६,८७,९५,९९७ मध्ये हाल सम्म रकम रु. १६,६७,६३,६४१ अर्थात् २२ प्रतिशत मात्र रकम खर्च भएको देखिन्छ।

अन्तमा,

नमोबुद्ध नगरपालिकाको आगामी दिनमा भौतिक तथा वित्तीय रुपमा थप प्रगति हासिल गर्दै जानेछ जसको लागि यहाँको सबैको समन्वय, सहकार्य र सहयोग प्राप्त हुने अपेक्षा सहित नमोबुद्ध नगरपालिकाको गरिमामय दोश्रो नगर सभाको यस दोश्रो अधिवेशनको यस महत्वपूर्ण क्षणमा यस नगर सभाका श्रद्धेय सभाध्यक्ष तथा आदरणीय नगर सभा सदस्यज्यूहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद ! जय नमोबुद्ध !!